# ६. येशूको दुःख, कष्ट र परीक्षा

## क. जाँच र परीक्षाहरु

क. मुख्य पदहरु

१पत्रस १:६-७
हिब्रु ४:१५
हिब्रु २:१८
१कोरिन्थी १०:१३
याकूब १:२-१५

ख. परिचय

एउटा भकुण्डो जस्तै खेल मैदानबाट उछिट्टिएर बाहिर पुग्ने मानसिकता लिएर हामी जन्मेका छौं. बाइबल अनुसार यसको निम्ति हाम्रो पुरानो मनुष्यत्व जिम्मेवार छ (रोमी ७:२५). यसको परिणाममा परमेश्वरले हाम्रा निम्ति तयार पार्नुभएको सीधा बाटोदेखि सधैं भटकिन्छौं (बरालिन्छौं). हामी नयाँ जन्म पाएर परमेश्वरको सन्तान भइसकेपछि पनि पाप गर्नसक्छौं, तर हामीले पाप गर्नु जरुरी छैन. परमेश्वरले हाम्रो निम्ति चाहनुभएका कामहरु गर्न सिक्न हामी स्वतन्त्र छौं तर विगतमा जस्तै सबै कुराहरु लथालिङ्ग पार्ने चाहिं होइन.

ग. परीक्षाहरु के हुन ?

"विगत २००० वर्षदेखि परीक्षा" शव्दको अर्थमा फरक देखा परेको छ. कुनै समयमा यसको अर्थ "जाँच" वा "खराब काम गर्नमा लालसा देखाउनु" जस्ता नकारात्मक र सकारात्मक महत्वको हुन्थ्यो. परमेश्वरको चाहना अनुसार आत्मिक वृद्धिको सम्भावनालाई दृष्टिगत गर्दै हाम्रो जीवनको जाँचलाई सकारात्मक पक्ष मानिन्थ्यो. नकारात्मक पक्षचाहिं परमेश्वरले एउटा विश्वासीका निम्ति तयार पार्नुभएको योजनादेखि उसलाई शैतानले अनेक हाउभाउद्वारा लोभ्याएर बराल्नु हो." (आर्थर वालिस : "परमेश्वरको योजनानुसार जिउनु" बाट उद्धृत)

घ. परीक्षाको शुरुवात

परमेश्वरले कसैलाई पनि परीक्षामा ल्याउनुहुन्न (याकूब १:१३). दुष्ट (शैतान) बाट मात्र परीक्षा आउंछ. हाम्रा खराब इच्छाहरुलाई उक्साएर वा

अरु पापीहरुद्वारा प्रलोभनमा पारेर हामीलाई उसले फंसाउन खोज्छ (हितोपदेश १:१०). तीन आधारभूत तरीकाद्वारा परीक्षाहरु उत्पन्न हुन्छन्
१. शरीरको अभिलाषा
२. आंखाको अभिलाषा र
३. जीवनको शेखी (१यूहन्ना २:१५-१७)

शैतानले तलका तरीकाहरु अपनाएर पनि हाम्रो परीक्षा गर्छ:
- आज्ञा विपरीत जान उत्साहित गरेर (उत्पत्ति ३:१-७).
- यौन अनैतिकतामा फंसाएर (उत्पत्ति ३९:७-१०).
- परमेश्वरलाई पहिलो स्थान दिनुको सट्टा मानिसहरु र अन्य थोकहरुलाई प्रेम गर्न लगाएर (मलाकी ४:९).
- रुपियां पैसामा आशक्त गराएर
- घमण्डमा चुर हुन लगाएर (प्रेरित १२:२१-२३).
- गनगन, ठसठस र कानेखुशीलाई प्रोत्साहन दिएर (१कोरिन्थी १०:१०; कलस्सी ३:८-९).

परीक्षामा ल्याएर हामीलाई शैतानले नष्ट गर्न खोज्छ. पाप गरेर परमेश्वरबाट हामी टाढा भएको हेर्न ऊ चाहन्छ. यसको अर्थ परमेश्वरले हाम्रो निम्ति तयार पार्नुभएको उत्तम कुराहरुलाई हामीले गुमाउनेछौं. हामी अपराधबोधले थिचिएर हाम्रो स्वर्गीय पिताकहाँ आउन हामीलाई धक लाग्नेछ. यदि हामीले पाप गर्‍यौं र त्यो पापकार्यलाई स्वीकार नगर्ने र उहाँबाट क्षमा पनि मागेनौ भने हाम्रो जीवनमा प्रवेश गर्न यसले शैतानलाई बाटो खोलिदिनेछ. तब त्यस क्षेत्रमा हामी शैतानको सेवा गर्नेछौं र हामीलाई त्यसमा मात्र नभएर अन्य कुराहरुमा पनि उसले अझ ठूलो बन्धनमा पार्नेछ. हाम्रो जीवनमा यो शैतानको अंकुशी जस्तै हो जसबाट ऊ हामीलाई चलाउन चाहन्छ.

## ङ. जाँच र परीक्षाका उद्देश्यहरु

*"तिमीहरुमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दका कुरा सम्झ. किनकि तिमीहरु जान्दछौ तिमीहरुका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ."* (याकूब १:२-३).

अयूब १:१२ र २:६ मा विशेष सीमामा रहेर एउटा धार्मिक र दागरहित व्यक्ति अयूबलाई परीक्षा गर्न परमेश्वरले शैतानलाई अनुमति दिनुभयो. परमेश्वरको सहायताबाट अन्तमा अयूबले ती परीक्षा तथा जाँचहरुमा विजय प्राप्त गर्दछ र परिणाममा 'ऊ परमेश्वरको अझ परिपक्व तथा फलदायी सेवक हुनपुग्दछ (अयूब ४२:१-१७).

परमेश्वरले क्रिश्चियनहरुलाई परीक्षा तथा जाँचमा पर्नदिनु हुने केही कारणहरु

१. ती कुराहरुले हामी वास्तवमा के रहेछौं सो देखाउंछ. मौका पाएमा हामी के गर्नेछौं भन्ने कुरा पनि ती परीक्षाहरुबाट थाहा हुन आउंछ.

२. हामीले भविष्यमा गर्ने निर्णयहरु तिनीहरुबाट प्रभावित हुनेछन्. जाँच तथा परीक्षाको काम जहिले पनि हामीलाई त्यो समयमा कुनै विषयमा छनौट गर्न वा आफ्नो अडानमा कायम रहने कि नरहने निर्णय गर्न लगाउंछ. परीक्षामा परिरहेमा आफ्नो अडान छोड्ने सम्भावना उत्पन्न हुनसक्छ. अन्य क्षेत्रमा पाप नगर्ने हाम्रो अडान पनि कमजोर हुनथाल्छ. परीक्षाहरुको सामना गर्दै आफ्नो निश्चित अडानमा कायम रहेमा हामी परिपक्वतामा बढ्दै भविष्यमा हामीबाट हुने निर्णयहरु पनि परिपक्व र मजबुत हुनेछन्.

३. परमेश्वरले दिन चाहनु भएका असल वस्तुहरु हाम्रो जीवनमा प्राप्त गर्नका निम्ति ती परीक्षाहरुले हामीलाई तयार पार्दछन्. अब प्रश्न यो छ - परमेश्वरले प्रतिज्ञा गर्नुभएका कुराहरु प्राप्त गर्न के हामी सबल छौं ? नवाङ्गिने फलाम (स्टिल) धेरै दवावमा भांचिन पनि सक्छ. परमेश्वरमा हामीले प्राप्त गर्ने आशा गरेका कुराहरु प्राप्त गर्न ती जाँच तथा परीक्षाहरुले हामीलाई तयार पार्छन्. त्यस्ता केही परीक्षाहरुको सामना हामीले गर्नुको अर्थ तिनीहरुलाई परमेश्वरमा सफलतासाथ समाधान गर्न हामी सक्षम छौं भन्ने प्रमाण हो. हामीले सहनसक्ने भन्दा ठूलो परीक्षा हाम्रो जीवनमा परमेश्वरले आउन दिनुहुन्न. तपाईंको जीवनमा परीक्षा आउनको निम्ति परमेश्वरको पूर्ण सहमति हुनुपर्छ. तपाईं आफ्नो काम गर्नोस र परमेश्वरको आज्ञाकारितामा जिउनुस. त्यसरी तपाईंले आफूलाई पाप गर्ने सम्भावनाबाट जोगाउनुहुनेछ.

४. तिनीहरुले हाम्रा कमजोरीहरु प्रष्ट गरिदिनेछन. त्यसपछि हाम्रा कुन-कुन पक्षमा परमेश्वरको सामर्थ्य र अनुग्रहको आवश्यकता पर्ने रहेछ हामीले सो जान्नेछौं. (२इतिहास ३२:३१; व्यवस्था ८:२).

५. तलका कुराहरु हामीमाथि हुनदिनका निम्ति परमेश्वरले परीक्षाहरु आउन दिनुहुनेछ:

- हामीलाई नम्र, अनुशासित र सिकाउनको निम्ति (व्यवस्था ८:२-५)
- खार्न (भजन ६६:१०)
- हाम्रो जगहरु जाँच्न (१कोरिन्थी ३:१०-१५)
- हल्लिने चीजहरुलाई निकालेर फ्यांक्न (हिब्रु १२:२५-२९)
- हामीमा दृढताको विकास गर्न. यसले हामीलाई परिपक्वता अनि पूर्णतातिर डोऱ्याउँछ र त्यसरी कुनै कमजोरीहरु बाँकी रहनेछैनन् (याकूब १:२-४)
- हाम्रो विश्वासलाई बलियो पार्न (१पत्रस १:६-७)
- हामीलाई विजयी तुल्याउन (प्रकाश २ र ३ अध्याय)

च. परीक्षाहरुको सामना कसरी गर्ने ?

१. येशूले जस्तै परमेश्वरको वचन प्रयोग गरेर (मत्ती ४:१-११)
२. सधैं जागा रहदै (आंखा खुला राख्दै शैतानका चालहरुप्रति जागरुक भएर) प्रार्थनामा रहेर (परमेश्वरसँग सदैव निकट सम्बन्ध बढाउदै) ताकि परीक्षामा पर्नबाट हामी जोगिन सकौं (मत्ती ६:४१; मर्कूस १४:३८)
३. होस पुऱ्याएर गरेका आत्म-निर्णयहरुबाट (२तिमोथी २:२२; हितोपदेश ४:१४-१५; १पत्रस २:११)
४. विश्वास, भलाई, ज्ञान, आत्म-नियन्त्रण, दृढता, धार्मिकता, भाइ-भाइ बीचमा प्रेम र कृपाको अनुपातमा वृद्धि तथा विकास गरेर (२पत्रस १:५-९)
५. शैतानलाई आफ्नो जीवनमा काम गर्ने कुनै मौका नदिएर (एफिसी ४:२७)
६. शैतानको सामना गर्दै परमेश्वरमा समर्पित भएर (याकूब ४:७)
७. शैतानका योजनाहरुको विरोधमा सक्षमताका साथ खडा हुन आत्मिक हतियारहरु धारण गरेर (एफिसी ६:१०-१८)
८. येशूमा ध्यान गरेर. हामीजस्तै उहाँले पनि जीवनका सबै पक्षहरुमा परीक्षाको सामना गर्नुपरेको थियो त्यसकारण आफू जसरी ती कुराहरुमा विजयी हुनुभयो त्यसरी नै हामीलाई विजयी गराउन उहाँ समर्थ हुनुहुन्छ (हिब्रु २:१८)

छ. तात्कालिक पुनर्स्थापन

हामीमाथि परीक्षा आएको बेलामा पाप गर्न सजिलो छ. वास्तवमा प्रत्येक क्रिश्चियनहरुले यस्तो अनुभव गरेका छन. परमेश्वरमा पाप स्वीकार गर्दै उहाँसँग क्षमा माग्नुस र तपाईंलाई उहाँले क्षमा गर्नुहुनेछ (१यूहन्ना १:९ विशेषगरी क्रिश्चियनहरुका निम्ति लेखिएको हो).

ज. परीक्षाको परिणाम

१. *अडान छोडे या आत्मसमर्पण गरेमा*

त्यो हो यदि गलत निर्णय गरेमा त्यो पाप हुनजान्छ. परीक्षाले पापतिर डोऱ्याउनसक्छ तर पाप गर्ने या नगर्ने त्यो छनौट हाम्रो हुन्छ. परीक्षामा पर्नु गलत काम गरेको ठहर्दैन यसले त हामीलाई दुई बीचमा छान्न लगाउंछ. परीक्षामा निरन्तर होम्मिनाले परिणाम प्रत्युत्पादक पनि हुनसक्छ किनभने हामीले गरेका निर्णयहरुप्रति हामी स्वयं जिम्मेवार हुन्छौं (याकूब १:१५).

२. *यदि सामना गरेमा*

त्यो हो यदि हामीले सही निर्णय गऱ्यौं भने

- प्रभुको महिमा हुन्छ
- एउटा क्रिश्चियन त्यो विशेष क्षेत्रमा मजबुत हुनथाल्छ.
- परमेश्वरबाट उसले प्राप्त गर्नसक्ने क्षमतामा वृद्धि हुन्छ
- ऊ विजयी हुन्छ (लडाई नभएमा विजय प्राप्त हुँदैन).
- ऊ विश्वास र परिपक्वतामा बढ्नथाल्छ.
- ऊ खारिन्छ र लरतरो परीक्षाहरुले उस्लाई हल्लाउन सक्दैन.

झ. अन्तमा

युवा होस कि बृद्ध, प्रत्येक क्रिश्चियनलाई परीक्षामा पर्नु भनेको के हो सो थाहा हुन्छ. परमेश्वरको जनको यो चिरपरिचित अनुभव हो. तर क्रिश्चियनले पाप गर्नु जरुरी छैन किनभने परीक्षाको सामना गर्ने सामर्थ्य उसलाई परमेश्वरले दिनुभएको छ.

*"मानिसबाट आइपर्ने परीक्षा बाहेक तिमीहरु अरु परीक्षामा परेका छैनौ. परमेश्वर विश्वासयोग्य हुनुहुन्छ. उहाँले तिमीहरुलाई तिमीहरुका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो*

*पनि बताइदिनुहुनेछ - यसरी तिमीहरु त्यसलाई खप्न सक्नेछौ."* (१कोरिन्थी १०:१३).

यदि हामीले उहाँमाथि दृष्टि दियौं भने परीक्षाको सामना गर्न र यसमाथि विजयी हुन परमेश्वरले हामीलाई सामर्थ्य प्रदान गर्नुहुन्छ अनि हामी त्यसमा आत्मसमर्पण गर्नुपर्दैन. परीक्षा पाप होइन. यहाँसम्म कि येशू पनि परीक्षामा पर्नुभएको थियो (मत्ती ४:१-११). परीक्षामा समर्पण गर्नुचाहिं पाप हो.. यसमा हामी केही गरी असफल भयौं भने पनि येशूमा हामीलाई क्षमा उपलब्ध छ. येशूको पनि इन्साफ गरिएको थियो, उहाँलाई हाम्रो पापको निम्ति दोष लगाएर दण्ड दिइएको थियो. यदि हामीले परमेश्वरसित क्षमा माग्यौं भने त्यो पापलाई बिर्सेर परमेश्वरको सामू हाम्रो जीवन शुद्ध, सफा र धर्मी भएको हुन्छ (१यूहन्ना १:९).

*"किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न. तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो र पनि पापरहित हुनुहुन्थ्यो."* (हिब्रु ४:१५).

हामीजस्तै येशू पनि परीक्षाहरुबाट गुज्रनुभयो तर उहाँले ती सबैको सामना गर्नुभयो र एउटा पनि पाप गर्नुभएन. यदि हामीले आफ्नो जीवन उहाँमा सुम्प्यौं भने क्रिश्चियनहरु भएको नाताबाट हामीलाई उहाँले त्यसैगरी विजय प्राप्त गर्न मदत गर्नुहुन्छ. हाम्रो भलाईको निम्ति परमेश्वरले हाम्रो जाँच गर्नुहुन्छ तर शैतानले हामीलाई नष्ट गर्न भनेर परीक्षा गर्छ (याकूब १:१२-१६). हामी येशूका चेला हौं त्यसकारण हामीले परीक्षा तथा जाँच जे सुकैको सामना गर्नुपरे पनि ती सबै कुराहरुको नियन्त्रण परमेश्वरले गर्नुहुन्छ.

## ख. ख्रीष्टको निम्ति कष्ट

### क. मुख्य पदहरु

फिलिप्पी १:२९ — हिब्रु २:१०
१पत्रुस २:२१ — कलस्सी १:२४
१पत्रुस ४:१-२, १२-१९

## ख. हामी किन कष्ट भोग्छौं ?

दुःख कष्ट जीवनको एक वास्तविकता हो. ख्रीष्टलाई नस्वीकार्नेहरुका निम्ति यो एक पहेली हो भने क्रिश्चियनहरुका निम्ति यो एक आवश्यकता हो. चेलापनलाई सम्पूर्णतामा हेर्ने हो भने दुःखलाई यसबाट छुट्याउन सकिंदैन. परमेश्वरसँगको दैनिक सँगतिमा हिंडदा तथा जीवनका प्रत्येक पाइलाहरुमा हामी दुःख कष्ट भोगिरहेका छौं र हामी चारैतिरबाट घेरिएका छौं.

अक्रिश्चियन र क्रिश्चियनका निम्ति दुःखको अर्थ एउटै हुदैन. ख्रीष्टको प्रेमको अनुभव नगरेको व्यक्तिका निम्ति संसारका सबै दुःख कष्टहरु ख्रीष्टलाई नपाउने कारण हुनसक्छ. मानिसको दुःख कष्टमा तिनीहरुप्रति हामी संवेदनशील हुदै सहानुभूति देखाउने आवश्यकता त छ नै तापनि हामीले एउटा कुरा याद गर्नुपर्छ, त्यो हो तिनीहरु अहिले जुन दिक्कलाग्दो अवस्थामा छन् ती सबको जिम्मेवार तिनीहरु आफैं हुन्. मानिसलाई एक जिम्मेवार व्यक्तिका रुपमा परमेश्वरले सृष्टि गर्नुभएको थियो र संसारमा सबै कुराहरुमाथि उसलाई अधिकार दिइएको थियो. आफ्नो जिम्मेवारीमा ऊ असफल भएको तथ्य हाम्रा चारैतिरको विकृत र दुःखदायी अवस्थाले हामीलाई प्रष्ट पार्छ. पापले भ्रष्ट पार्छ, विकृती ल्याउंछ, कुनैपनि असल कुराको विरोध गर्दछ. हाम्रो संसारमा आज भएका सबै दुःखहरुको जड पाप हो किनभने यो यस्तो संसार हो जहाँ परमेश्वरले सृष्टि गर्नुभएको सन्तुलन, सुन्दरता र मिलाप कहीं देखिंदैन. शैतानको नियन्त्रणमा संसार रहेको छ. सृष्टिको जिम्मेवारी मानिसले गुमाएदेखि नै शैतान यस संसारको मालिक बनेको छ (२कोरिन्थी ४:४). परमेश्वरको सृष्टिका असल कुराहरुलाई बंग्याएर आफ्नो अधिकारमा गर्न शैतानलाई मानिसको पापले उसलाई यो अवसर प्रदान गरेको छ.

दुःखप्रति परमेश्वरले बेवास्ता गर्नुभएको छैन. हाम्रो निम्ति आफ्नो पुत्रलाई क्रूसमा मर्न दिनुभएर दुःखलाई आफ्नो हृदयमा समेट्नुभएको प्रमाण यसले दिएको छ (यशैया ५३:४). क्रूस पाप र शैतानको सामर्थ्यको उल्टो रुप हो. ख्रीष्ट अहिले राजा हुनुहुन्छ र आफ्नो राज्यमा उहाँले राज्य गर्नुभएको छ तसर्थ येशूका चेला, हामी उक्त राज्यकै एक अंग भएका छौं.

## ग. दु:खको वास्तविकता

दु:खलाई नयाँ नियमले हल्का किसिमले लिएको छैन. यसलाई जीवनको एक हिस्साको रुपमा स्वीकार गरेको छ. एउटा क्रिश्चियन क्रूसको बाटोमा हिंडदछ. यसको अर्थ क्रूसबारे बोल्नुमात्र नभएर दु:ख अनुभव गर्नु पनि हो (फिलिप्पी १:२९; १ पत्रस २:२१). चेलापनलाई गम्भीरताकासाथ लिनेहरुका निम्ति ख्रीष्टको दु:ख जीवनको एक वास्तविकता हो (हिब्रु ११:३५-३८).

१पत्रस ४:१२-१९ ले हामीलाई कष्टहरुमा आनन्द मनाउन उत्साह दिएको छ किनभने यसद्वारा हामी ख्रीष्टको कष्टमा सहभागी हुन्छौं (१३ पद). परमेश्वरको इच्छा मुताविक कष्ट भोग्नेहरुलाई आफैंलाई आफ्नो विश्वासयोग्य पिताकहाँ सुम्पेर भलाई गरी राख्न उक्त पदहरुले शिक्षा दिएको छ.
क्रिश्चियन भएर दु:ख भोग्न लाज नमान तर त्यो नाम धारण गर्न पाएकोमा खुशी होऊ (१६ पद). त्यसकारण दु:ख परमेश्वरको इच्छाबाट पनि आउंदो रहेछ भन्ने कुरा प्रष्ट भएको छ (१कोरिन्थी ११:२७-३२). यदि आवश्यक परेमा हामीलाई अनुशासनमा राख्नका निम्ति पनि परमेश्वरले हाम्रो जीवनमा दु:ख कष्ट आउन दिनुहुंदो रहेछ भनेर हामीले आफैंलाई सम्झना गराइराख्नुपर्छ.

सबै दु:ख, रोग ब्याधिहरु हामीलाई अनुशासनमा राख्न वा पापका कारण हुन भन्ने पनि होइन. हाम्रो हठधर्मितालाई तह लगाएर हाम्रो जीवनमा उहाँका उत्तम कुरा प्रदान गर्न पितालाई मन लागेको उपाय अपनाउने अधिकार उहाँमा भएको तथ्य हामीलाई स्वीकार गर्न लगाउंछ (हिब्रू १२:५-६).

## घ. क्रिश्चियन दु:ख भोगाईको कारण र परिस्थितिहरु

१. **प्रभुको सेवा गर्दा चुकाउनुपर्ने मूल्य र कठीनाई**

उहाँको इच्छा पूरा गर्नमा आवश्यक सबैथोक परमेश्वरले हामीलाई दिनुहुने प्रतिज्ञा गर्नुभएकोछ. तर यो सेवालाई प्रभावकारी बनाउन छुट्टै मूल्य तिर्नुपर्ने खाँचो छ.

२. **बाह्य प्रतिरोध र सतावट** (२कोरिन्थी ११:१६-३३; २कोरिन्थी १२:९-१०)

**३. हाम्रो विश्वासको जाँचको रुपमा**

(१ पत्रस १:६-७) धेरैचोटी अति कठीन परिस्थितिहरुद्वारा मात्र हामी परमेश्वरप्रति संवेदनशील हुन्छौं. ठूलो परिस्थितिहरुबाट जब हामी छुटकारा पाउंछौं त्यसवखत हाम्रो विश्वास मजबुत र दृढ हुन्छ.

**४. सेवामा हामीलाई सिद्धता प्रदान गर्न**

कष्ट भोगेर मानिसहरुको उद्धारकर्ता हुन येशू सम्पूर्णत: तयार हुनुभयो. मानिसको दु:खभित्र उहाँ प्रवेश गर्नुभयो, उहाँलाई मानिसको हृदयको ज्ञान थियो र यसरी उसका वेदनाहरुमा उहाँ सहभागी हुनुभयो. त्यसकारण उहाँलाई मुक्तिका सिद्ध कर्ता बनाइयो (हिब्रु २:१०). दु:खद्वारा परमेश्वर हामीलाई नैतिक र आत्मिक विजयमा पुऱ्याउनुहुन्छ जहाँ हामी शरीरका कुराहरुमा भरपर्नबाट जोगिदै ख्रीष्टको सामर्थ्यमा खडा हुनसक्छौं. हाम्रो सेवकाई र अरुको सेवा गर्ने काममा हामीलाई यसरी सिद्ध तुल्याइन्छ (१पत्रस ४:१-२).

**५. गहिरो रुपमा अरुको सेवागर्नमा हामीलाई सहायता**

दु:ख स्वयंमा एक्लै प्रभावकारी हुँदैन. तर परमेश्वरबाट प्राप्त सहानुभूति र मदतको साथमा यसले ठूलो प्रभाव पार्दछ. जब अन्य मानिसहरु यो स्वयं अनुभव गर्दछन्, कष्टपूर्ण प्रक्रियाबाट उत्पन्न हुने गहन वास्तविकता तिनीहरु थाहा पाउंदछन. त्यसरी तिनीहरु परमेश्वरले दिनुभएको भरपूर सान्त्वना प्राप्त गर्दछन् (२कोरिन्थी १:४-५).

## ङ. ख्रीष्टको वेदना

"अब तिमीहरुका खातिर मेरा दु:ख-भोगमा म आनन्द मनाउंदछु, र ख्रीष्टका कष्टहरुको कमीलाई उहाँको शरीरका खातिर, अर्थात उहाँको मण्डलीका खातिर म आफ्नो देहमा पूरा गर्दछु." (कलस्सी १:२४).

*यसको दुईटा अर्थ हुन्छ* -

- जब कुनै क्रिश्चियनले कष्ट भोग्छ त्यो उसको शरीरमा ख्रीष्टले नै कष्ट भोगे सरह नै हो.
- उहाँका सेवकहरुमा परमेश्वरको प्रेम देखिनु आवश्यक छ. यसरी तिनीहरुको जीवनमा परमेश्वरको प्रेमको ज्वलन्त दृष्य अन्य मानिसहरुले प्रत्यक्ष देख्न सक्नेछन (२कोरिन्थी ४:१०).

हाम्रो जीवनमा मानिसहरुले सेवकाईको फलहरु देख्नेमात्र नभएर तिनीहरुलाई यो उपलब्धिको प्रक्रियाको पहिचान पनि हुनु जरुरी छ.

कष्टको यो प्रक्रिया र हाम्रो जीवनमा यसको प्रभाव अरु मानिसहरुका निम्ति धेरै महत्वको हुन्छ. यसले हामीलाई घमण्ड गर्नबाट जोगाउंछ नै तर एउटा व्यक्तिको जीवनमा पर्याप्त फल फल्नु अगाडि उसमा परमेश्वरले कति गहिरो काम गर्नु जरुरी छ त्यो पनि तिनीहरु देख्न समर्थ हुनेछन् (१पत्रस ५:१०). परमेश्वरमा हाम्रो परिपक्वता र प्रेम दु:ख कष्टहरुप्रतिको हाम्रो प्रतिक्रियाद्वारा अन्य मानिसहरुले जान्नेछन्.

## च. प्रश्नहरु र छलफलका बुँदाहरु

१. आफूमा केही नगरिकन (परिवर्तन नल्याइकन) नै के एउटा क्रिश्चियनले पाप गर्न छोडेर धर्मी जीवन जिउन थाल्नेछ भन्ने तपाईं सोच्नुहुन्छ कि ? (कलस्सी ३:५-१४; फिलिप्पी २:१२-१३; १यूहन्ना १:८-१०).

२. के परमेश्वरले हाम्रो कहिल्यै परीक्षा गर्नुहुन्छ ? (याकूब १:१३-१५).

३. परीक्षा तथा जाँचबाट गुज्रन जब परमेश्वरले अनुमति दिनुहुन्छ हामीले यसलाई मन नपराएकोले के प्रभुलाई हामीबाट त्यो हटाउनको निम्ति विन्ती गर्छौं कि या यसमाथि विजय पाएर उहाँमा वृद्धि हुन्छौं ? यदि समस्याबाट उम्कने विचार गर्‍यौं भने हामी परमेश्वरमा बढन असमर्थ हुन्छौं.

४. के तपाईंको जीवनको त्यस्तो कुनै पक्ष छ जहाँ शैतानले आफ्नो खुट्टो अड्याउने ठाउँ पाएको छ र यसले गर्दा पाप गर्ने इच्छालाई तपाईं त्यागनै सक्नुहुन्न ? यसबारे तपाईं के गर्दै हुनुहुन्छ ?

५. एकचोटी परीक्षामा हारिसकेपछि फेरि अर्कोपल्ट यस्तै घटना घटदा के तपाईंलाई सजिलो अनुभव हुन्छ ? किन ?

६. परमेश्वरले हामीलाई दु:खमा किन पर्न दिनुहुन्छ ? र हाम्रो सेवालाई यसले कसरी सिद्धतातिर डोर्‍याउंछ ?

७. यदि परमेश्वर सर्वशक्तिशाली हुनुहुन्छ भने त्यस्तो दु:ख, अन्याय तथा कष्टहरु संसारमा किन छन् ?

८. हाम्रो शरीरमा यदि ख्रीष्टको वेदनाका छापको कमी छ भने त्यसलाई कसरी पूरा गर्न सकिन्छ ? (कलस्सी १:२४).

## छ. सारांश र प्रयोग

१. परीक्षाको अर्थ "जाँच" र "दुष्टतातिर लालचद्वारा उत्प्रेरित" हुन्छ.

२. परमेश्वरले हामीलाई कहिल्यै पनि परीक्षामा ल्याउनुहुन्न. तर हामी ख्रीष्टको परिपक्वतामा बढोस भनेर उहाँले त्यस्ता केही जाँच तथा परीक्षामा हामीलाई पर्नदिनुहुन्छ.

३. परमेश्वरबाट टाढियौं र अन्तमा हाम्रो नाश होस भनेर शैतानले हामीलाई धेरै किसिमले परीक्षा गर्छ.

४. परमेश्वरले परीक्षाहरुलाई हामीले सहनसक्ने निश्चित सीमासम्म मात्र आउन दिनुहुन्छ.

५. यो संसारमा अहिले भएका सबै दु:खहरुको मूलजरो पाप हो. यसले शैतानलाई यस संसारको देव हुन अनुमति प्रदान गरेको छ. यसरी उसले परमेश्वरको सुन्दर सृष्टिलाई भत्काएर बिगार्दै कुरुप बनाइदिएको छ.

६. हाम्रो सेवालाई सिद्ध र निरन्तरतामा विकास ख्रीष्टको निम्ति दु:ख भोगेर सम्भव भएको छ र यो चेलापनकै एक अंश हो.

७. ख्रीष्टको लागि दु:ख भोग्नाले हामीमा एउटा खास छाप छोड्दछ जसलाई अरु मानिसहरुले देख्छन्. यसले हाम्रो परमेश्वरप्रतिको गहिरो प्रतिबद्धता र परमेश्वरको हामीप्रति भएको प्रतिबद्धता प्रष्ट पार्दछ.